# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५** **सङ्ख्या : २** **मिति : असार ६, २०७९**

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०२।२३

उर्लाबारी नगरपालिका

पृष्ठभुमीः-

नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी उर्लाबारी नगरपालिकाको कार्य क्षेत्रभित्र व्यवसायिक कृषिको माध्यमबाट दिगो आर्थिक बृद्धि तथा खाध्य सुरक्षा सुनिस्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ कृषि भुमिको अनुपयुक्त प्रयोग र निर्बाहमुखी कृषि प्रणालिको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरुले पर्याप्त मात्रामा आम्दानी गर्न नसकी कृषि पेशा अरु पेशाको तुलनामा आकर्षण र सम्मानित हुन सकेको छैन। कृषि क्षेत्रलाइ आकर्षकको रुपमा हेर्न नसकेका कारण यस उर्लाबारी नगर क्षेत्र भित्रबाट बर्षेनी हजारौ युवाहरु बैदेसिक रोजगारमा जान बाध्य भएका छन् भने शिक्षित युवाहरुलाई यस क्षेत्रमा संलग्न गराउन चुनौती पुर्ण छ।कृषि क्षेत्रलाइ उत्पादन र रोजगारको माध्यम बाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित युवाहरुलाइ कृषि पेशामा आकर्षित गरी देशै भित्र स्वरोजगार श्रृजना गर्नु पर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका ब्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाइ थप प्रोत्साहन गरी कृषि पेशालाइ सम्मानित र व्यवसायिक बनाउनु पर्ने आवश्यकता छ।यसै परिपेक्क्षमा उर्लाबारी नगरपालिकाले कृषि ब्यवसाय (कृषि तथा पशुपालन) मा बिगत देखी उत्कृष्ट रुपमा कार्य संचालन गरिरहेका ब्यवसियक कृषकहरुलाइ प्रोत्साहन गरी उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्नका लागि यसै बर्षदेखी ***उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९*** तयार गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

- यो कार्यविधिको नाम ***"उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"*** रहेको छ ।
- यो कार्यविधि उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

२. **परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- **कार्यक्रमः-** भन्नाले उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम लाइ सम्झनु पर्दछ।
- **उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यताः-** भन्नाले यसै कार्यविधिको अनुसुची १ मा उल्लेख भएको उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड जनाउँदछ।
- **समितिः-** भन्नाले उर्लाबारी नगरपालिका मा रहेको कृषि ब्यवासय प्रबर्द्धन समिति लाइ जनाउदछ।
- **कार्यालयः-** भन्नाले उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ।
- **कृषकः-** भन्नाले कृषि पेशामा आवद्ध किसान लाइ सम्झनु पर्दछ।
- **उत्कृष्ट कृषक भन्नालेः-** उर्लाबारी नगरपालिका को कार्यक्षेत्र भित्र ब्यवसायिक रुपमा कृषि तथा पशु पालन गरेका,

उर्लाबारी नगरपालिका

प्राविधिक रुपमा कृषि ब्यवसाय संचालन गरेका, आफुले उत्पादन गरेर यस नगर लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि सामाग्री बिक्री गरेका आफ्नो ब्यवसाय बाट अरु कृषक लाइ रोजगार दिलाएका, स्थानिय श्रोत र साधन लाइ बढि प्रयोग गरेका, गोठ सुधार गरेका, प्रविधी सम्बन्धी साधारण जानकार भएका, वडादेखी नै छनौट भएर आएका कृषकहरु सम्झनु पर्दछ।

३. **कार्यक्रम संचालनको उद्धेश्यः-** यस कार्यविधि अनुसार कार्यक्रमको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

- कृषकको योगदानलाइ सम्मान गर्न।
- कृषि पेशालाइ समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने।
- कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाइ व्यवसायिक बनाउन सहयोग पुर्याउन ।
- कृषकहरुको मनोवल उच्च राख्न सहयोग पुर्याउन।
- शिक्षित युवा लाइ कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुर्याउन।

## परिच्छेद -२

४. **उत्कृष्ट कृषक छनौट विधीः-**

- उर्लाबारी नगरपालिका को कार्यक्षेत्र भित्र ब्यवसायिक रुपमा उत्कृष्ट कृषकहरु (कृषि तथा पशुपालक) छनौट गर्नको लागि



उर्लाबारी नगरपालिका

९ वटै वडा कार्यालयमा पत्राचार गरी आ-आफ्नो वडा भित्र ब्यवसायिक (उत्कृष्ट) रुपमा कृषि ब्यवसाय संचालन गर्ने कृषकहरुको नामावली नगरमा पठाउन प्रत्येक बर्षको जेष्ठ मसान्त भित्र वडा कार्यालयबाट प्राथमिकता निर्धारण गरी नामावली नगरपालिकामा पठाउन पत्राचार गरीने छ ।

- वडाबाट सिफारिस भइ आएको कृषकहरुको नामावली माथि नगरमा रहेको कृषि ब्यवसाय प्रबर्द्धन समितिद्वारा अन्तिम नामावली प्रकाशन गर्ने छ।

५. **उत्कृष्ट कृषक पुरस्कार छनौट समितीः-** उर्लाबारी नगरपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनौट समिति निम्न बमोजिम हुने छ।

- नगर प्रमुख - संयोजक
- प्रमुख प्रशासकिय अधिकृत - सदस्य
- कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य
- समितिले मनोनयन गरेको बिज्ञ सदस्य एक जना - सदस्य
- समितिले मनोनयन गरेको व्यवसायिक किसानहरु मध्ये १ जना - सदस्य
- पशुपंछी विकास शाखा प्रमुख - सदस्य
- नगरपालिकाको कृषि शाखा प्रमुख - सदस्य सचिव

६. **समितिको काम, कर्तब्य र अधिकारः-**

- म्याद भित्र वडाबाट आएका सिफारिसलाइ मात्र मान्यता दिने।

उर्लाबारी नगरपालिका

- वडा कार्यालय बाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु मध्ये बाट अनुसूची-१ मा भएका बाली तथा पशुपंछी लाइ आधार मानेर समितिले छनौट गर्ने ।
- वडाबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु लाइ समितिले पुन अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरुलाइ छनौट गर्नु पर्ने ।
- कृषि तर्फबाट ६ वटा बाली (खाध्यन्न बाली, तेलहन बाली, तरकारी बाली, फलफुल बाली, च्याउखेती र मौरी पालन) लाइ छनौट गर्ने र पशुपंछी तर्फ पनि ६ वटा (माछापालन, बाख्रा पालन, बंगुर पालन, गाइ/भैंसी पालन, कुखुरा/हास पालन र घाँसखेती) गरी एक आ.व. मा १२ जना कृषक लाइ पुरस्कृत गर्नको लागि छनौट गर्ने ।
- एउटै ब्यवसायिक कृषकले बाली तथा पशुपंछी पालन गरी दुइवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्ष लाइ मात्र समितिले छनौट गर्ने।
- छनौट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय उर्लाबारी नगरपालिकामा रहेको कृषि ब्यवसाय प्रबर्द्धन समितिले तथ्यगत निर्णय गर्ने छ ।

उर्लाबारी नगरपालिका

## ७. विविधः-

- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन को समन्वय उर्लाबारी नगरपालिका कृषि विकास शाखा तथा पशुपंछि विकास शाखा ले समन्वयकारी भुमिका निर्वाह गर्नेछ ।

उर्लाबारी नगरपालिका

## अनुसूची-१

| क.स. | बालीको नाम | क्षेत्रफल/संख्या(न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | खाध्यन्न बाली | १५ कठ्ठा | |
| २ | तरकारी बाली | ५ कठ्ठा | |
| ३ | तेलहन बाली | १५ कठ्ठा | |
| ४ | फलफुल बाली | ५० बोट | |
| ५ | मौरी पालन | ५० गोला सहित घार | |
| ६ | च्याउखेती | १० वटा टनेल | |
| ७ | माछापालन | ६ कठ्ठा | |
| ८ | बाखापालन | २० वटा माउ बाखा | |
| ९ | बंगुर/सुगुर पालन | ५ वटा माउ बंगुर/सुगुर | |
| १० | गाई/भैंसी पालन | ५ माउ गाई / ५ माउ भैंसी | |
| ११ | कुखुरा/हाँस पालन | २०० वटा भन्दा बढी | |
| १२ | घाँसखेती | ५ कठ्ठा | |

माथि उल्लेखित अनुसूची अनुसार बाली तथा पशुपंछी पालन गरेका कृषकहरु मध्ये जम्मा १२ जना कृषकहरु लाइ छनौट गरि सम्मान कार्यक्रम संचालन गरिने छ ।

उर्लाबारी नगरपालिका

अनुसूची-२

(निवेदनको ढाँचा)

मितिः-..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उर्लाबारी नगरपालिका ।

बिषयः- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा उर्लाबारी नगरपालिकाको आ.व. ०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा तथा पशुपंक्षी विकास शाखाद्वारा संचालन गरिने उत्कृष्ठ कृषक पुरस्कार प्रतियोगितामा मलाइ सहभागी हुन ईच्छा भएकोले मेरो विवरण सहितको फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु ।

**निवेदक**

नामः...................................

दस्तखतः..............................

ठेगानाः.................................

मोबाईल नः...........................

उर्लाबारी नगरपालिका

# अनुसूची-३

## (व्यक्तिगत विवरणको ढाँचा)

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः-

२. जन्म स्थान र जन्म मितिः-

३. सहभागिको स्थाइ ठेगानाः-

श्रोत साधनको विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कुल जग्गाको क्षेत्रफल(ठेक्का लिएको जग्गा समेत) | | |
| क | कुल खेती गरिएको क्षे.फ. | | |
| ख | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षे.फ. | | |
| ग | सिंचित जग्गाको क्षे.फ | | |
| २ | सिंचाइको श्रोत | | |
| क | कुलो | | |
| ख | बोरिङ | | |
| ग | इनार | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा आवश्यकता | | |

उर्लाबारी नगरपालिका

४. खेती गरिएको बालीको क्षे.फ. र उत्पादन विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | खाध्यान्न बाली | | | |
| क | धान | | | |
| ख | मकै | | | |
| ग | गहुँ | | | |
| २ | तेलहन बाली | | | |
| क | तोरी | | | |
| ख | सुर्यमुखी | | | |
| ३ | तरकारी बाली | | | |
| क | बर्षे तरकारी | | | |
| ख | हिउदे तरकारी | | | |
| ग | बेमौसमी तरकारी | | | |
| ४ | फलफुल बाली | | | |
| क | आँप/लिची | | | |
| ख | केरा | | | |
| ग | उखु | | | |
| ५ | च्याउखेती | | | |
| ६ | मौरी पालन | | | |

उर्लाबारी नगरपालिका

| ५. पशुपंछी पालन तर्फ | | | | |
|---|---|---|---|---|
| १ | माछा पालन | | | |
| २ | ठुला पशु संख्या (गाई, गोरु, भैसी, राँगो आदी) | | | |
| ३ | साना पशु संख्या (बाख्रा, बंगुर/ सुगुर) | | | |
| ४ | हाँस, कुखुरा पालन | | | |
| ५ | घाँस खेती | | | |
| ६ | दुध उत्पादन | | | |
| ७ | मासु उत्पादन | | | |
| ८ | अण्डा उत्पादन | | | |

## ६. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क.स | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| २ | बालि तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ३ | कार्यक्रम / आयोजनाबाट | | | | |

उर्लाबारी नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | परियोजना प्राप्ति | | | | |
| ४ | प्राबिधिकसँगको संम्पर्क स्थिति | | | | |

७. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.स | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छी पालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारिकरण कार्यमा | | | |

८. कृषि ब्याबसायमा लगानी स्थिती

| क्र.स | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छी पालन खर्च | | |
| ४ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

उर्लाबारी नगरपालिका

९. कृषि व्यावसायमा भएको लगानीको श्रोतः

| क्र.स | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समुह/ सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट ब्यहोरेको रकम | | |
| | जम्मा | | |

१०. कृषि पेशाबाट बार्षिक पारिबारिक आम्दानी स्थिती

| क्र.स | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशु पालनबाट | | |
| ३ | पन्छी पालनबाट | | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

११. निम्न विषयमा सहभागी कृषक दक्षताः

| क्र.स | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | उन्नत प्रविधी उपयोग तथा अनुसरण (भएको/ नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधी विस्तारमा योगदान (भएको/ नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एबम् गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्याबस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एबम् प्रशंसा पत्र पाएको | |

उर्लाबारी नगरपालिका

| | | |
|---|---|---|
| | (पाएको/ नपाएको) | |
| ८ | समुह, समिती, सहकारीका सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभबको आदान प्रदान (गरेको/नगरेको) | |

१२. नयाँ कृषि प्रविधीको विकास

१३. खेती प्रणालीमा अपनाइएको नयाँ प्रविधीहरुको विवरण

१४. कृषि व्यावसाय एंबम् प्रविधीहरुको विस्तृतीकरण (कुनै भएमा)

१५. कृषि व्यावसाय प्रवर्ध्दनका भावी योजना (कुनै भएमा)

१६. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढने गरी)

उर्लाबारी नगरपालिका

# अनुसूची-४

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारमको मुल्याङ्कनको आधारहरुः

| क.स | निवेदन फारम मुल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्तङ्क अंक |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिती एंबम् सदुपायोग | १० | |
| २. | स्थानिय समुदायमा कार्य अनुभव को आदान प्रदान एंवम् योदान | २० | |
| ३. | उत्पादन स्थिती/उत्पादकत्व | १५ | |
| ४. | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगारी सृजनाको स्थिती | १० | |
| ६. | कृषि ब्याबसायमा गरेको आर्थिक लगानीको स्थिती | ५ | |
| ७. | कृषि ब्याबसायबाट प्राप्त आम्दानी एवम् प्रतिफल स्थिती | १० | |
| ८. | कृषि विकास कार्यालय र प्राविधिक सँगको सम्पर्क | ५ | |

उर्लाबारी नगरपालिका

| | | | |
|---|---|---|---|
| | स्थिती | | |
| ९. | प्रविधिक ज्ञान सीप बारे जानकारी एवम् प्रयोगको स्थिति | १० | |
| १०. | कृषि ब्याबसायको दिगोपनाको स्थिती | १० | |

उर्लाबारी नगरपालिका

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. १०।-*